सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम तयार गरी सार्वजनिक गरिएको

(स्वतः प्रकाशन)

आर्थिक वर्ष २०८२/८३ को प्रतिवेदन

विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय
सिंहदरबार, काठमाडौं

विषय सूची

शिर्षक	पेज नं
परिचय	३
विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालयको काम, कर्तव्य र अधिकार	४
बजेटको प्रगति	६
विज्ञान तथा प्रविधि महाशाखाअन्तर्गतका शाखागत प्रमुख कार्यक्रमहरू	७
पारमाणविक पदार्थ व्यवस्थापन महाशाखाअन्तर्गतका शाखागत प्रमुख कार्यक्रमहरू	२३

परिचय

विज्ञान र प्रविधि क्षेत्रको समुचित विकास र उपयोग विना मुलुकको विकास समृद्धि तथा शुसासन सम्भव नहुने तथ्यलाइ मनन गरी विगत पाँच दशक देखि संस्थागत, नीतिगत तथा कार्यगत प्रयासहरू हुदै आएका छन् । यसै क्रममा वि.सं. २०३३ सालमा राष्ट्रिय विज्ञान तथा प्रविधि परिषद् को स्थापना भएको थियो । विज्ञान तथा प्रविधि क्षेत्रको उचित विकासका लागि अनुकुल वातावरण सृजना गरी देशको समुन्नती र विकासका लागि विज्ञान तथा प्रविधि सम्बन्धी कार्य गर्न वि.सं. २०३९ मंसिर २० गते नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानको स्थापना भएको थियो । विज्ञान र प्रविधिको क्षेत्रमा कृयाशील सबै निकायहरू वीच समन्वय ल्याउन र सो सम्बन्धी कृयाकलापहरूलाई प्रभावकारीरूपमा अघि बढाउन प्रथम पटक वि.सं. २०५३ साल जेष्ठ २ गते विज्ञान तथा प्रविधि मन्त्रालयको गठन भएको हो । वि.सं. २०६१ साल चैत्र १८ गते जनसंख्या तथा वातावरण मन्त्रालय खारेज भई सो मन्त्रालयको वातावरण महाशाखा विज्ञान तथा प्रविधि मन्त्रालयमा गाभिएर वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय पुनर्गठन भएको थियो । पछि यसको नाम नाम परिवर्तन भएर विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय नाम रहन गएकोमा नेपाल सरकारको मिति २०७२।९।९ को निर्णयबाट साविकको विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय दुइ वटा मन्त्रालयमा विभाजन भइ जनसंख्या तथा वातावरण मन्त्रालय र विज्ञान तथा प्रविधि मन्त्रालय कायम भएको थियो । नेपाल सरकारको मिति २०७४।१२।९ को निर्णयबाट विज्ञान प्रविधि महाशाखा र पारमाणविक पदार्थ व्यवस्थापन महाशाखा सृजना भई शिक्षा मन्त्रालयमा गाभिएर शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय पुनर्गठन भएको थियो ।

बैज्ञानिक अनुसन्धान, अन्वेषण र बिकासलाई गतिशील बनाउन आबश्यक पर्ने पुर्बाधार र क्षमता को उपयोग गर्न, उच्च क्षमतायुक्त प्राबिधिक युवा जनशक्तिको बिकास गरी मुलुकमै उनीहरूको क्षमताको उपयोग गर्ने, बैज्ञानिक खोज र नवप्रवर्तनबाट बिकास गरिएका प्रबिधिहरूलाई मुलुकको बिकास प्रक्रियामा प्रभावकारी उपयोग गर्न पुनः मिति २०८३।१।३० मा प्रकाशित राजपत्र अनुसार विज्ञान प्रविधि महाशाखा र पारमाणविक पदार्थ व्यवस्थापन महाशाखा शिक्षा मन्त्रालयवाट विभाजन भई विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय गठन भएको छ ।

यस स्वतः प्रकाशनमा साविकको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (विज्ञान तथा प्रविधि) तर्फका विज्ञान प्रविधि तथा परमाणविक पदार्थ व्यवस्थापन महाशाखाबाट आर्थिक वर्ष २०८२/८३ मा सम्पादन गरिएका कार्यहरूको वार्षिक प्रगति प्रतिवेदन प्रकाशन गरी सरोकारवाला समक्ष प्रस्तुत गरिएको छ। यस प्रतिवेदनमार्फत आर्थिक वर्ष २०८२/८३ मा विज्ञान तथा प्रविधि क्षेत्रअन्तर्गत सम्पन्न भएका गतिविधिहरू तथा हासिल भएका उपलब्धिहरूबारे सरोकारवालाहरूले आवश्यक जानकारी प्राप्त गर्नेछन् भन्ने विश्वास लिइएको छ।

विज्ञान प्रविधि तथा परमाणविक पदार्थ व्यवस्थापन महाशाखा अन्तर्गतका यस आर्थिक वर्ष २०८२/८३ मा स्वीकृत वार्षिक कार्यक्रम सफलतापूर्वक कार्यान्वयन गरिएको छ। साथै, आवश्यक ऐनको मस्यौदा, मापदण्ड तथा अन्य नीतिगत दस्तावेजहरूको तर्जुमा तथा तयारीसमेत सम्पन्न गरिएको छ। प्रतिवेदनमा समावेश गरिएका विषयवस्तुहरू विज्ञान तथा प्रविधिको क्षेत्रमा कार्यरत सरकारी निकाय, शैक्षिक तथा अनुसन्धान संस्थाहरू, निजी क्षेत्र, विकास साझेदार तथा अन्य सरोकारवालाहरूका लागि उपयोगी हुने विश्वास गरिएको छ। कार्यक्रम सञ्चालन तथा कार्यान्वयनका क्रममा विभिन्न मन्त्रालय, निकाय, संस्था, विज्ञ तथा विकास साझेदारहरूबाट प्राप्त सहयोग, समन्वय र अमूल्य सुझावप्रति मन्त्रालय हार्दिक आभार व्यक्त गर्दछ। आगामी

वर्षहरूमा यस्ता सुझाव तथा अनुभवका आधारमा वार्षिक कार्यक्रमहरूलाई अझ प्रभावकारी, परिणाममुखी र परिष्कृत बनाउँदै विज्ञान, प्रविधि तथा नवप्रवर्तनको विकासमा थप योगदान पुर्‍याउने अपेक्षा गरिएको छ।

विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालयको काम, कर्तव्य र अधिकार

नेपालको संविधानमा विज्ञान, प्रविधि तथा नवप्रवर्तन सम्बन्धी व्यवस्था

नेपालको संविधान, २०८२ को धारा ५१ को खण्ड (च) मा उल्लेखित विकास सम्बन्धी नीतिमा उल्लिखित बुँदा (४) मा वैज्ञानिक अध्ययन अनुसन्धान एवं विज्ञान र प्रविधिको आविष्कार, उन्नयन र विकासमा लगानी अभिवृद्धि गर्ने तथा वैज्ञानिक, प्राविधिक, बौद्धिक र विशिष्ट प्रतिभाहरुको संरक्षण गर्ने

अनुसूची-५ संघको अधिकार

२३) आणविक उर्जा, अन्तरीक्ष सम्बन्धी

अनुसूची-७ संघ र प्रदेशको साझा अधिकारको सूची

२२) वैज्ञानिक अनुसन्धान, विज्ञान, प्रविधि र मानव संसाधन विकास

विज्ञान, प्रविधि तथा नवप्रवर्तन सम्बद्ध विद्यमान नीतिगत तथा कानुनी व्यवस्था

- जैविक प्रविधि नीति, २०६३
- राष्ट्रिय परमाणु नीति,२०६४
- राष्ट्रिय विज्ञान, प्रविधि तथा नवप्रवर्तन नीति, २०७६
- दिगो विकास लक्ष्य (सन् २०१६-२०३०)
- रेडियोधर्मी पदार्थ (उपयोग तथा नियमन) ऐन, २०७७

नियमावली/निर्देशिका/कार्यविधि/मापदण्ड सम्बन्धी व्यवस्था

- रेडियोधर्मी पदार्थ (उपयोग तथा नियमन) नियमावली, २०७८
- मेडिकल रेडियोथेरापी उपकरण तथा सेवा सञ्चालन मापदण्ड, २०८१
- न्युक्लियर मेडिसिन संयन्त्र सञ्चालन तथा उपकरणको प्रयोग सम्बन्धी मापदण्ड, २०८१
- डायग्नोस्टिक रेडियोलोजी मेडिकल उपकरणको प्रयोग सम्बन्धी मापदण्ड, २०८१
- आयनीकरण गर्ने विकिरणसँग सम्बन्धित औद्योगिक उपकरणको प्रयोग तथा सञ्चालन मापदण्ड, २०८१

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०८३ अनुसार विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालयको कार्यविवरण देहायबमोजिम रहेको छः

- विज्ञान प्रविधि सम्बन्धी नीति, कानून, मापदण्ड;
- वैज्ञानिक, अन्तरिक्ष विज्ञान र खगोल विज्ञानसम्बन्धी अध्ययन अनुसन्धान;
- विज्ञान र प्रविधिको खोज, अनुसन्धान, आविष्कार, प्रबर्धन र विकास;
- विज्ञान प्रविधि विषयक तथ्यांक संकलन, प्रशोधन र सर्वेक्षणको मापदण्ड;
- पारमाणविक प्रविधि, रेडियोधर्मी पदार्थको गुणस्तर तथा उपयोग सम्बन्धी तथ्यांक प्रणालीको स्थापना, व्यवस्थापन र नियमन;
- जैविक तथा पारमाणविक प्रविधिको उपयोग र प्रवर्द्धन;
- ओजोन अध्ययन सौर्य विकीरण मापन तथा सूचना प्रवाह;

- वैज्ञानिक उपकरण क्यालिब्रेशन तथा प्रमाणिकरण;
- रासायनिक पदार्थको उपयोग तथा प्रबर्ध्दन नियन्त्रण र नियमन;
- पारमाणविक पदार्थ, बेवारिसे स्रोतहरुको खोज तथा पुनर्लाभ र व्यवस्थापन;
- आणविक उर्जा सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन;
- नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान, राष्ट्रिय विधि विज्ञान प्रतिष्ठान, प्लानेनेटोरियम वेधशाला र विज्ञान संग्रहालय;
- नवप्रर्वतन सम्बन्धी नीति, कानुन, योजना, अनुसन्धान, प्रविधिः
- वस्तु तथा सेवा, प्रक्रिया, प्रविधि, डिजाईनको विकास,सुधार, प्रयोगः
- उद्योग, व्यवसाय र समाजका विविध क्षेत्रमा औद्योगिक विकासका नवीनतम अवधारणा (Industry ४.०, Industry ५.०) को अध्ययन अनुसन्धान तथा उपयोगः
- मन्त्रालय सम्बन्धी राष्ट्रिय अन्तराष्ट्रिय संघसस्थासँग सन्धि, सम्झौता, सम्पर्क र समन्वय

नवगठित मन्त्रालयको व्यवस्थापन तथा सर्वेक्षण गर्नुपूर्वका विज्ञान प्रविधि महाशाखा र पारमाणविक पदार्थ व्यवस्थापन महाशाखाका सङ्गठन संरचनाः



बजेटको प्रगति





वित्तिय प्रगति विवरण

वर्गिकरण	ब.उ.शि.नं.	संसोधित अन्तिम बजेट	खर्च	वित्तिय प्रगति (प्रतिशत)	कैफियत
चालू	३३२००३५०१	४६६९९६८१	१०७३३४०३.२	२२.९	
पुँजीगत	३३२००३५०१	११६९०००	७५१४५	६.४२	-
जम्मा		४७८६८६८१	१०८०८५४८.२	२२.५७	

द्रष्टव्य:

यस आ. ब. को नवगठित मन्त्रालयमा संसोधित बजेट प्राप्त पश्चातको विवरण समावेश गरिएको छ ।

विज्ञान तथा प्रविधि महाशाखाअन्तर्गतका शाखागत प्रमुख कार्यक्रमहरू

विज्ञान तथा प्रविधि महाशाखाअन्तर्गत रहेका चारवटा शाखाबाट आर्थिक वर्ष २०८२/८३ मा सम्पादित कार्यहरूको विवरण देहायबमोजिम प्रस्तुत गरिएको छः

वैज्ञानिक अनुसन्धान शाखा

१. सार्वजनिक, निजी क्षेत्र विश्वविद्यालय तथा अनुसन्धानमा संलग्न संस्थाबीच विविध क्षेत्र, विषय,समस्या र अवसरको पहिचान गरी विज्ञान, प्रविधि तथा नवप्रवर्तनमा अनुसन्धान अनुदान कार्यक्रम संचालन

विज्ञान,प्रविधि तथा नवप्रवर्तनात्मक कार्यक्रम अनुदान कार्यान्वयन कार्यविधि, २०८२ बमोजिम १० वटा अनुसन्धान कार्यहरुका लागि अनुदान सम्झौता भई उक्त अनुसन्धान कार्यहरुको नतिजा सहितको प्रतिवेदन प्राप्त भएको।

सि.नं.	क्षेत्र	अनुसन्धान शीर्षक	निकाय
१	सूचना तथा प्रविधि	Smart Blind Curve Alert: Preventing Accidents	Madan Bhandari University of Science and Technology
२	कृषि तथा खाद्य सुरक्षा	Production of Agricultural lime from Dolomite rocks of Malekhu Area, Bagmati Province and study of its effects on Agriculture	Central Department of Geology, TU
३		Sustainable Management of Mushroom diseases using plant based antifungals	Madan Bhandari Univeristy of Science and Technology
४	वातावरण व्यवस्थापन तथा जलवायू परिवर्तन	Upcycling Banana Agro waste into advanced functional carbon and its nanocompsite for sustainable energy remediation	Department of Applied Sciences and Chemical Engineering, IOE, TU
५	स्वास्थ्य	Iodine as a risk factor for the development of papillary thyroid carcinoma in the Nepalese population	Maharajgunj Medical Campus, IOM, TU
६	प्राकृतिक स्रोत व्यवस्थापन	Formulation of Biopesticide from the Tar(Oil) of Cedrus Deodara from the Karnali Province of Nepal	Central Department of Chemistry, Tribhuvan University
७		Development of Novel Phyto-Active and Intelligent Packaging Film from Indigenous Nepalese Plants	Central Department of Chemistry, Tribhuvan University
८		Utilization of Lignocellulose biomass of invasive plant species for handmade paper making	Central Department of Chemistry, TU

९		Healthcare Innovations from Native Mushrooms of Nepal to Combat Microbial Infections and Biofilms	Madan Bhandari University of Science and Technology
१०	प्रविधि विकास तथा विस्तार	Synthesis, Characterization and Prototype formulations of Low-Cost Petro and Bio based Polymer Adhesives for Furniture and Construction Applications	Central Department of Chemistry, TU

अनुसन्धान कार्यहरु स्थलगत अनुगमन



२.विश्वविद्यालय र अनुसन्धानात्मक निकायका नतिजाहरुको व्यवसायीकरणका लागि सहजीकरण सम्बन्धी कार्यशालामा देहायबमोजिमका अनुसन्धानहरुको सम्बन्धित सरोकारवालाहरुको उपस्थितिमा कार्यशाला सम्पन्न भएको।

१. **Production and Commercialization of Lutein from Marigold Plants (Sayapatri).**

प्रस्तुतकर्ताः डा.सजन लाल स्याउला, नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान

संक्षिप्त विवरणः Lutein is particularly important due to its therapeutical values in reduction of failing eyesight (age-related macular degeneration) and as a food colorant. Poultry industry uses these as primarily feed additives to colour egg yolks (orange) and poultry skin (yellow). Lutein cannot be

synthesized by human body and must be obtained through diet and dietary supplements. Lutein is naturally present in its esterified fatty acids (palmitate, myristate and stearate) form in T. erecta.



2. Healthcare Innovation from Native Mushrooms of Nepal to Combat Microbial Infections

प्रस्तुतकर्ता डा.भूषण श्रेष्ठ,मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय

संक्षिप्त विवरणः Mushroom extracts show antimicrobial activities against common skin pathogens of human. Safe cosmetic products with antimicrobial properties such as antibacterial soap and other skin care products can be developed in Nepal using natural products from mushrooms.

3. Real Time WAS Technology

प्रस्तुतकर्ता डा.असिम ढकाल,फुटुङ्ग रिसर्च इन्स्टिट्यूट

संक्षिप्त विवरणः Realtime Water assessment system (realTimeWAS) is a patent-pending, portable and reagent-free system developed in Nepal for real-time water quality assessment. Utilizing advanced fluorometry and turbidity sensors, it simultaneously detects Turbidity,

Tryptophan-like fluorescence, and Humic-like fluorescencein under 90 seconds, offering rapid, field-deployable contamination tracing and disinfection optimization.

आविष्कार तथा नवप्रवर्तन शाखा

१. राष्ट्रियस्तरको विज्ञान, प्रविधि, इन्जिनियरिङ्ग तथा गणित (STEM) विषयसँग सम्बन्धित ओलम्पियाड सञ्चालनः

"राष्ट्रियस्तरको विज्ञान, प्रविधि, इन्जिनियरिङ्ग तथा गणित (STEM) विषयसँग सम्बन्धित ओलम्पियाड सञ्चालन सम्बन्धि कार्यविधि, २०८२" बमोजिम चार वटा ओलम्पियाड संस्थासंग Astronomy, Mathematics, Chemistry र Physics विषयमा प्रदेशस्तरीय र राष्ट्रियस्तरीय गरी दुई चरणको ओलम्पियाड संचालन गर्न अनुदान सम्झौता भएको। सबै ओलम्पियाड संस्थाद्वारा सात प्रदेशमा प्रदेशस्तरीय ओलम्पियाड र दोश्रो चरणमा प्रदेशस्तरबाट छनोट भएका विद्यार्थीहरुको राष्ट्रियस्तरको ओलम्पियाड कार्यक्रम सम्पन्न भएको। राष्ट्रियस्तरबाट छनोट भएका उत्कृष्ट ५-६ विद्यार्थीहरु Astronomy को Vietnam, Mathematics को China, Chemistry को Uzbekistan र Physics को Colombia मा आयोजना भईरहेको अन्तर्राष्ट्रिय ओलम्पियाडमा सहभागी भईरहेका।

यस आ.व. मा International Physics Olympiad (IPhO) मा विद्यार्थी टोलीद्वारा नेपालको लागि पहिलो पटक Silver Medal जित्न सफल भएका छन्।

२. विज्ञान, प्रविधि, इन्जिनियरिङ्ग, कला तथा गणित (STEAM) लगायतका विषयमा विश्वविद्यालयस्तरीय प्रतियोगतात्मक कार्यक्रम संचालनः

विज्ञान, प्रविधि, इन्जिनियरिङ्ग, कला, गणित (STEAM) विषयमा विश्वविद्यालयस्तरीय प्रतियोगितात्मक कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८२ बमोजिम विभिन्न विश्वविद्यालयहरुबाट प्राप्त १२१ वटा प्रस्तावहरुको मूल्यांकन भई १८ वटा प्रस्ताव छनोट भएकोमा दोश्रो चरणमा १७ वटा प्रस्तावबाट सामाग्री निर्माणको कार्य सम्पन्न भएको पत्र प्राप्त भएको। उक्त निर्माण भएका सामाग्रीहरुको एक दिने प्रदर्शनी कार्यक्रम आयोजना गरिएको। प्रदर्शनीमा सहभागी विद्यार्थीहरुले निर्माण गरेका सामाग्री उद्योगी, विधार्थीवर्ग, नगरपालिका, तथा निजि अनुसन्धानात्मक संस्थाहरु समक्ष प्रस्तुत गरेका।



३. UNTB/ISA को सहकार्यमा Technology Need Assessment कार्यक्रम सहजिकरणः

United Nation Technology Bank for Least Developed Countries (UNTB-LDC) र International Seabed Authority (ISA) को सहकार्यमा Technology Need Assessment (TNA) कार्यक्रम सहजिकरण सम्बन्धमा सचिवज्यूको संयोजकत्वमा Steering Committee/ Inter-sectoral Committee गठन भई Kick-off Meeting सम्पन्न भएको, जस मार्फत नेपालको लागि TNA प्रक्रिया औपचारिक रूपमा प्रारम्भ भएको। राष्ट्रिय परामर्शदाता डा. मधुसूदन भट्टराई तथा अन्तर्राष्ट्रिय परामर्शदाता श्री Wondwossen Belete ले Inception Report तयार गरी उक्त प्रतिवेदनमा TNA को कार्यक्षेत्र, विस्तृत कार्यविधि, कार्ययोजना, सरोकारवाला परामर्श रणनीति तथा गुणस्तर सुनिश्चितता सम्बन्धी व्यवस्थाहरू समावेश गरेका छन्। साथै, नेपालका लागि Priority Sector Finalization गर्नका लागि UNTB/ISA का टोली मिति २०८३ श्रावण १८ देखि २६ गतेसम्म नेपाल भ्रमणमा आउने कार्यक्रम रहेको । श्रावण २१-२२ गते विभिन्न सरोकारवालाहरुसंग छलफल गर्न Technical Workshop र श्रावण २५ गते Steering Committee बैठक आयोजना गर्ने तयारी भईरहेको ।

अन्तरिक्ष तथा उदियमान प्रविधि शाखा

१. <u>विज्ञान प्रविधि तथा नवप्रवर्तन समन्वय परिषद्को बैठक तथा निर्णय कार्यान्वयन</u>

राष्ट्रिय विज्ञान प्रविधि तथा नव-प्रवर्तन नीति, २०७६ को दफा ११. अन्तर्गत 'संस्थागत व्यवस्था' मा उल्लेख भए अनुरुप अनुसूची १ बमोजिम गठित राष्ट्रिय विज्ञान प्रविधि विकास तथा समन्वय परिषद्को चौथो बैठकका निर्णयहरु, मिति २०८२।६।६ को मा. मन्त्रिस्तरीय निर्णयानुसार राष्ट्रिय सल्लाहकार समितिको कार्यक्षेत्र सहित चारवटा विधामा सल्लाहकार समितिहरु क्रमशः राष्ट्रिय अन्तरीक्ष तथा एरोनिटिकल सल्लाहकार समिति, राष्ट्रिय सूचना प्रविधि तथा कृत्रिम बौद्धिकता सल्लाहकार समिति, राष्ट्रिय परमाणु विज्ञान सल्लाहकार समिति र राष्ट्रिय जैविक प्रविधि सल्लाहकार समिति गठन भएको एवम् मिति २०८२।९।८ को मा. मन्त्रिस्तरीय निर्णायानुसार उपर्युक्त समितिहरुमा प्रतिनिधिहरुको मनोनयन समेत भएको ।

मन्त्रिस्तरीय निर्णय बमोजिम गठित राष्ट्रिय सूचना प्रविधि तथा कृत्रिम बौद्धिकता सल्लाहकार समिति र राष्ट्रिय जैविक प्रविधि सल्लाहकार समितिको बैठकबाट सम्बन्धित विषयको नीति, कानून निर्माण तथा परिमार्जन, कार्यक्रम तर्जुमा लगायतका कार्यक्षेत्रमा राय सुझाव प्राप्त भई निर्णयहरु सम्पन्न भएको ।

२. *BIMSTEC Technology Transfer Facility (TTF) कार्यक्रमको कार्यान्वयन र सहजीकरण*

- परराष्ट्र मन्त्रालयको पत्र मार्फत् 4th meeting of the BIMSTEC Expert Group on STI Cooperation को बारेमा जानकारी प्राप्त भएको। सो सम्बन्धमा BIMSTEC Expert Group on STI को चौथो बैठक आगामी जुन २०२६ मा आयोजना गर्न प्रस्ताव आएकोमा सो बैठक नेपालले आयोजना गर्न नसक्ने भनी जवाफ पठाइएको,
- Revised concept note on the Establishment of BIMSTEC Himalayan Science council (HSC) उपर राय सहमति मिति २०८२।११।२७ को पत्र मार्फत् पठाइएको,
- बैंगलुरु र ओडिसामा २४-२९ अप्रिल, २०२६ मा आयोजना हुने BIMSTEC Exchange Programme मा Lawyer/Activist /Nyay Kunj Law Firm का तर्फबाट श्री कुन्जनी परियार प्यासी, Lawyer/Yukti Legal Law Firm का तर्फबाट श्री सुस्मिता क्षेत्री र AI/Computer /Codequant Tech Pvt. Ltd का तर्फबाट श्री आयुष कर्णलाई मनोनयन गरी पठाइएको,
- BIMSTEC मार्फत् भारतमा आगामी १६ जुलाई, २०२६ मा आयोजना हुने Hackathon on the application of Artificial Intelligence(AI) in Road safety प्रस्तावित कार्यक्रममा सहभागी हुन नेपालका विभिन्न २ वटा संस्थाहरु Glocal Pvt. Ltd. बाट निशान्तराज सर्राफ, राज यादव र प्रसन्न सिंह एवम् Prime College बाट प्रतिक महर्जन, अमन सापकोटा, सजल महर्जन र सरद अर्याल गरी जम्मा ७ जना विद्यार्थीहरुको नाम मनोनयनको लागि सिफारिस गरी पठाइएको,

३. *Meet the Scientist कार्यक्रम संचालन*

Meet the Scientist कार्यक्रम अन्तर्गत "विज्ञान तथा प्रविधि क्षेत्रमा अनुसन्धानका विषयहरुको पहिचान गरी प्राथमिकीकरण गर्ने" र "Orchid Resources of Nepal: research & Development for Economic Growth through Biotechnological Innovations" विषयमा छलफल सम्पन्न गरी प्रतिवेदन समेत पेश भएको,

४. ***Space Technology, AI र Emerging Technology सम्बन्धमा भइरहेको कार्य, अवश्यकता, समस्या र चुनौतिहरु एवम् समाधानका उपायहरु सम्बन्धी Need Assessment कार्यक्रम संचालन***

AI & Emerging Technology सम्बन्धमा भइरहेको कार्य, आवश्यक्ता र चुनौतीहरु एवम् समाधानका उपायहरु सम्बन्धि Need Assessment कार्यक्रम अन्तर्गत बारा, पर्सा, मकवानपुर, चितवन, नवलपरासी, मोरङ र सुनसरी गरी ७ वटा जिल्लाहरुमा सञ्चालित विभिन्न ५२ वटा उद्योगहरुको स्थलगत निरीक्षण गरी तथ्याङ्क सङ्कलन गरी प्रतिवेदन पेश गरिएको,

Space Technology मा विभिन्न ८ जना सरोकारवालाहरुसंग जवाफ माग गरिएकोमा २ जनासंग प्राप्त भई थप आउन बाँकी रहेको र अरु अध्ययनको क्रममा रहेको एवम् सोही क्रममा नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान र Mach 24 Orbitals बिच सम्पन्न सहमति-पत्र (LOA) बमोजिम मिति २०८३।३।१० मा रकेटको १ कि.मी. वास्तविक उचाइ उडान परीक्षण (Vertical Flight Test) का लागि समन्वय तथा सहजीकरण गरिदिने सम्बन्धमा लेखी आएकोमा सो सम्बन्धमा आवश्यक सहजीकरण गरिदिनका लागि नेपाल सरकार रक्षा मन्त्रालय र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई पत्राचार गरिएको,

परराष्ट्र मन्त्रालयबाट मिति २०८३।१।२५ मा **APSCO** को सदस्यता लिने सम्बन्धमा लेखी आएकोमा सोसम्बन्धमा नेपालले सदस्यता लिए वापत प्राप्त गर्न सक्ने ठोस लाभ र संभावित दायित्वहरुको विस्तृत जानकारी सहितको विश्लेशणात्मक प्रतिवेदन पेश गर्नुहुन भनी नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठानसंग माग गरिएकोमा सो बमोजिमको प्रतिवेदन प्राप्त हुन आएको ।

५. ***Industry ४.० सम्बन्धि तत्परता मूल्यांकन***

झापा जिल्लामा चिया उद्योगहरुको Industry 4.0 सम्बन्धि तत्परता मूल्याङ्कनको सन्दर्भमा विभिन्न १० वटा चिया उद्योगहरुको स्थलगत निरीक्षणको क्रममा तथ्याङ्क सङ्कलन गरी प्रतिवेदन पेश गरिएको ।

उपयुक्त प्रविधि शाखा

१. STI Annual Report Update and Publication

सरोकारवाला निकायहरुबीच छलफल र समन्वय भई तथ्यांक संकलन र ड्राफ्ट तयारीको क्रममा रहेको छ। वैज्ञानिक तथा प्राविधिक क्षेत्रको अवस्थाबारे आधारभूत (बेसलाइन) तथ्याङ्क प्राप्त गर्न विश्वविद्यालय, अनुसन्धान संस्था तथा उद्योग क्षेत्रमा अनुसन्धान तथा विकास (Research and Development) मा भएको लगानी, अनुसन्धानसम्बन्धी लेख प्रकाशन (Research Article Publications), जनशक्ति, पूर्वाधार तथा पेटेन्टसम्बन्धी तथ्याङ्क संकलन कार्य प्रारम्भ गरिएको छ। संकलित तथ्याङ्कका आधारमा विस्तृत प्रतिवेदन तयार गरिनेछ। उक्त प्रतिवेदनले वैज्ञानिक तथा प्राविधिक क्षेत्रको यथार्थ अवस्था प्रतिबिम्बित गर्नुका साथै भविष्यमा नीति निर्माण, योजना तर्जुमा तथा कार्यक्रम सञ्चालनका लागि तथ्यमा आधारित महत्वपूर्ण आधार प्रदान गर्नेछ।

UNESCO प्रतिनिधिसंग छलफल

निम्नानुसारका सूचकहरु तय गरी आगामी वर्ष UNESCO को सहकार्यमा अझ परिस्कृत गर्दै जाने र तथ्यांकका आधारमा नीति तथा कार्यक्रम तय गर्ने योजना रहेको छ ।

SN	Indicators	Sub Indicator	Indicator / Data Item
1	R&D Expenditure	1.1	Government R&D expenditure
		1.2	Higher education R&D expenditure
		1.3	Business enterprise R&D expenditure
		1.4	Non-profit R&D expenditure
2	R&D Human Resources	2.1	Number of researchers in government sector
		2.2	Researchers in higher education institutions
		2.3	Researchers in private sector
		2.4	Gender distribution of researchers
3	Research Infrastructure	3.1	Government research laboratories

		3.2	University research laboratories
		3.3	Private/industry research labs
		3.4	Advanced scientific equipment/facilities
4	Scientific Publications	4.1	Total scientific publications
		4.2	Publications in Q1 journals
		4.3	Publications in Q2–Q4 journals
5	Intellectual Property	5.1	Patent applications filed
		5.2	Patents granted
		5.3	Trademarks / industrial designs registered
6	Technology Transfer & Commercialization	6.1	University–industry collaborative projects
		6.2	Technologies licensed or transferred
		6.3	Research-based startups
		6.4	Technology-based startups
7	Digital Government & Technology Adoption	7.1	Number of government services online
		7.2	Public digital platforms and portals
8	STI Policy & Governance	8.1	National STI policies/strategies implemented
		8.2	Provincial/local STI initiatives

२. विज्ञान प्रविधि तथा नवप्रवर्तन सम्बन्धि सम्मेलन , प्रदर्शनी, स्टार्टअप, ह्याकाथोन लगायतका अनुदान कार्यक्रम

विज्ञान प्रविधि तथा नवप्रवर्तन सम्बन्धी सम्मेलन, प्रदर्शनी, Startup Hackathon लगायतका अनुदान कार्यान्वयन कार्यविधि, २०८२ बमोजिम २२ वटा संस्थाहरुको आवेदन प्राप्त भएकोमा सहकार्यका लागि सम्झौता भएको। १२ संस्थासँग सहकार्य भएको र अन्य सँस्थाहरुको आवेदन कार्यबिधि अनुरुप नहुँदा र केहि सँस्थाहरुले बिभिन्न कारणले कार्यक्रम सञ्चालन गर्न नसहेको हुँदा अन्य संस्थाहरुसंग सहकार्य हुन नसकेको । यस आ.वमा निम्नानुसारका संस्थाहरुसंग निम्नानुसारका शिर्षकमा सम्मेलन, प्रदर्शनी, Startup Hackathon सम्पन्न भयो ।

कार्यक्रमको नाम	आयोजक	उपलव्धी
The 15th Asian Regional Conference (ARC-15) of International Association for Engineering Geology and the Environment (IAEG)	Nepal Society of Engineering Geology (NSEG)	Understanding AI for science and society
साईबर सुरक्षा संगोष्ठि २०२६	Nepal Engineering college	साईबर सुरक्षा सम्बन्धी ह्याकाथन भएको
National Conference on Students and Faculty Academic Improvement Initiative Program and Development of Science, Society and Industry	Amrit Campus	प्रदर्शनी तथा विज्ञान अनुसन्धान सम्बन्धी सम्मेलन
Relay Hack 4.0	Techspire College	ह्याकाथन मार्फत बिद्यार्थिहरुको क्षमता विकास

SXC Sandbox 3.0 Hackathon	St Xavier's College	ह्याकाथन मार्फत विद्यार्थिहरुको क्षमता विकास
Student led 48 hour protobyte hackathon 2.0	Advanced College of Engineering and Management	Technical and innovation
LOCUS Research Symposium 2026	LOCUS, IOE Pulchwok Campus	Exposure of students to international research standard
One-day Nagar-Level Exhibition	Shree Mangal Secondary School	STEAM model exhibition, 6-10 class student
Growth Forum Nepal 2026- The International Conference on Economic Growth"	ईम्बार्क कलेज प्रा.लि.	SME Innovation, Evidence based policy recommendation
Graduate Conference on Emerging Frontiers in Research and Innovation in Nepal	राजर्शी जनक विश्वविद्यालय	Universities combined to present research outcomes
नेपाल अन्तराष्ट्रिय नीति सम्वाद तथा नवप्रवर्तन फोरम, 2082	इन्स्टिच्युट फर रुरल डेभेलपमेन्ट	नीति संवाद
Genome Biothon 2026	Biotechnology Society of Nepal	Biotechnology Innovation for safe, nutritious, and sustainable food system in Nepal
National Level Startup Innovation Hackathon 2026	Glocal Private Limited	Bring together students, innovators, developers, researchers

Graduate Conference on Emerging Frontiers in Research and Innovation in Nepal

One-day Nagar-Level Exhibition

नेपाल अन्तराष्ट्रिय नीति सम्वाद तथा नवप्रवर्तन फोरम, 2082

Growth Forum Nepal 2026- The International Conference on Economic Growth”

National Conference on Student and Faculty Academic Improvement Initiative program and Development of Science, Society and Industry
11-13 Poush, 2082

Organizer: Amrit Campus
(in Association with Nepal Chemical Society)
Program Coordinators:
Dr. Chandradip Kumar Yadav and Asst. Prof. Umakant Lal Karn

2082-9-12

SN.	p	Time	Name	Topic1
1.	GP	10.00 am-11.00am	Prof. Dr. Narayan Adhikari (HOD Physics)	Role of AI in Academic Field
2.	IP	11.00am-11.20 am	Dr. Hom Bahadur Baniya	Generation and characterization of cold atmospheric Pressure plasma and its biomedical application
3.	IP	11.20 am-11.30 am	Dr. Chandradip Kumar Yadav	Surfactant and its application in Different Research Area
4.	IP	11.30 am-11.40 am	Dr. Anju Das	Screening of corrosion inhibition efficiency of plant extract on mild steel.
5.	IP	11.40 am-11.50am	Dr. Madhab Gautam	Reinforcement Concrete corrosion and its inhibition with plant-based extracts
6.	IP	11.50am-12.00 noon	Dr. Anand Kumar Yadav	Antioxidant, Anticancer and Antimicrobial Properties of Coumarin Derivatives
7.	IP	12.00 noon -12.10pm	Dr. Dinesh Kumar Chaudhary	Gas sensing efficacy of ZnO Film: Metal Doping Effect
8.	IP	12.10pm-12.20pm	Dr. Ishwor Pathak	Engineering Metal-Organic Framework (MOF) and Ti3C2Tx MXene derived nanomaterials for green energy application
9.	OP	12.20pm-12.30pm	Asst. Prof. Ram Darash Pandey	Qualitative and quantitative analysis and biological applications of Passiflora racemosa Brot. Leaf Methanol extracts for N ovel insights into Pharmaceuticals
10.	OP	12.30pm-12-40	Asst. Prof. Umakant Lal Karna	Solar Ultraviolet Radiation, its Impacts on Society and Practical Applications in Nepal
			Break	
11.	OP	2.00pm-2.10pm	Asst. Prof. Jasana Maharjan	Exploring the interaction of cetyl pyridinium chloride (CPC) with antibiotics in mixed solvent media and its antimicrobial application
12.	OP	2.10pm-2.20pm	Deepak Nath	Investigation of the Interaction Between Synthetic Surfactant and Natural Dye in A Mixed Solvent System
13.	OP	2.20pm-2.30pm	Sunil Chaudhary	Thermodynamic Properties of in Biosurfactants Methanol-Water Media With/without the Presence of the Monovalent salt
14.	OP	2.30pm-2.40pm	Suryadev Prasad Yadav	Biosurfactants-antibiotic interaction and its application in drug formulation
15.	OP	2.40pm-2.50pm	Manoj Kumar Adhikari	Effect of percentage of methanol in CMC formation by Surfactant and methyl blue interaction
16.	OP	2.50pm-3.00pm	Samir Bhandari	Soil Impacts on the Natural Vegetation of the Tropical and Sub Alpine Region of Central Himalayas

National Conference on Students and Faculty Academic Improvement Initiative Program and Development of Science, Society and Industry

Relay Hack 4.0

SXC SANDBOX 3.0, a 48-hour hackathon

ORGANIZED BY
GLOCAL

IN COLLABORATION WITH
Government of Nepal
Ministry of Education
Science and Technology

ABOUT THE EVENT

Nepal Startup Innovation Hackathon 2026

Student led 48 hour protobyte hackathon 2.0

पारमाणविक पदार्थ व्यवस्थापन महाशाखाअन्तर्गतका शाखागत प्रमुख कार्यक्रमहरू

पारमाणविक पदार्थ व्यवस्थापन महाशाखाअन्तर्गत रहेका तिनवटा शाखाबाट आर्थिक वर्ष २०८२/८३ मा सम्पादित कार्यहरूको विवरण देहायबमोजिम प्रस्तुत गरिएको छः

मापदण्ड गुणस्तर तथा तथ्यांक शाखा

१. रेडियोधर्मी पदार्थ (उपयोग तथा नियमन) ऐन को दफा २२ बमोजिम रेडियोधर्मी स्रोत, अभ्यास, क्रियाकलाप तथा संयन्त्रको अनुगमन तथा निरीक्षण तथा तथ्यांक संकलन ।

- वीपी कोईराला मेमोरियल क्यान्सर अस्पताल भरतपुर को स्थलगत अनुगमन निरिक्षन गरि रेडियोधर्मी स्रोत र सो सँग सम्बन्धित अभ्यास, क्रियाकलाप र संयन्त्रको तथ्आंक संकलन गरिएको ।
- शहिद धर्मभक्त राष्ट्रिय अंग प्रत्यारोपण केन्द्रको विकिरण सर्वेक्षण गरी प्रतिवेदन पेश गरिएको ।
- गुल्मी जिल्लामा अवस्थित स्वास्थ्य संस्थाबाट तथ्याक संकलन तथा विकिरण सर्वेक्षण गरिएको ।
- नेपाल न्यूक्लियर मेडिसिन सेन्टर र कुन्डलिनी डाइग्नोष्टिक सेन्टरको अनुगमन निरिक्षण तथा विकिरण सर्वेक्षण गरिएको ।

३२ ओटा स्वास्थ्य संस्थाहरुको तथ्याङ्क संकलन, १४ ओटा अनुगमन

२. रेडियोधर्मी स्रोत, विकिरण उत्सर्जन गर्ने उपकरण, सो सम्बन्धी अभ्यास, क्रियाकलाप, संयन्त्र र जनशक्ति लगायतको ईन्भेन्टरी तयार गर्ने ।

त्रिभुवन विश्वविद्यालय भौतिकशास्त्र केन्द्रिय विभागलाई इन्भेन्टरी तयार गर्न सम्झौता गरि दिएको तर सम्झौता अनुसार अन्तिम प्रतिवेदन प्राप्त नभएको ।

३. रेडियोधर्मी स्रोत तथा सो सम्बन्धी अभ्यास, क्रियाकलाप र संयन्त्रमा आवश्यक विकिरण सुरक्षा सम्बन्धी तालीमः

मिति २०८२/०९/२८ र २०८२/०९/२९ गते काठमाडौमा सम्पन्न, विराटनगरमा मिति २०८२/१०/२२ र २०८२/१०/२३ संचालनको गरिएको ।

रेडियोधर्मी स्रोत तथा सो सम्बन्धि अभ्यास, क्रियाकलाप र संयन्त्रमा कार्यरत रेडियसन वर्कर्सहरूलाई विकिरण सुरक्षामा सम्बन्धी २ओटा तालिम सम्पन्न गरेको । काठमाडौं र बिराटनगरमा स्वास्थ्य संस्थामा कार्यरत लगभग ६० जना रेडियसन वर्कर्सहरूलाई सुरक्षामा सम्बन्धी तालिम प्रदान गरेको ।

४. **अन्तराष्ट्रिय आणविक उर्जा एजेन्सी (IAEA)बाट प्राविधिक सहयोग (Technical Cooperation) तथा क्षेत्रिय सहयोग सम्झौता (RCA) बमोजिम संचालित परियोजनाहरुको अनुगमन निरिक्षण, सो सम्बन्धमा हुने Expert Mission मा local transport, interaction with stakeholder, site visit, coordination with ministry र stakeholder, meetings लगायत)**

- नार्कमा संचालित परियोजनाहरुको अनुगमन निरिक्षण गरिएको ।
- I AEA को प्राविधिक सहयोगमा यस मन्त्रालयमा संचालित NEP९००७ परियोजनाबाट अनुदानमा प्राप्त RAIS+Software, संचालनको लागि EXPERT MISSION 9-13 Feb, सम्म संचालन भएको साथै मन्त्रालयबाट २ जना प्राविधिकलाई तालीम प्रदान गरिएको ।

५. **रेडियोधर्मी** पदार्थ (उपयोग तथा नियमन) सम्बन्धी निर्देशिका/ कार्यविधि / मापदण्डहरु निर्माण सरोकारवाला निकायका प्रतिनिधि सहित महाशाखा प्रमुखको संयोजकत्वमा समिति गठन गरी नियमावली संसोधनको कार्य अगाडी बढाउन तयारी गरिएको ।

६. **रेडियोधर्मी** पदार्थ (उपयोग तथा नियमन) ऐन, २०७७ दफा ४ अनुसारको नियमनकारी निकाय स्थापना गर्ने ।
प्रशासन महाशाखा प्रमुखको संयोजकत्वमा समिति गठन गरी O&M सर्वेक्षण तथा व्वयस्थापन प्रतिवेदन तयार गरी अर्थ मन्त्रालयमा राय परामर्शको लागि पेश गरिएको।

अनुमति नियमन तथा अनुसन्धान

१. रेडियोधर्मी पदार्थ (उपयोग तथा नियमन) ऐन, २०७७ दफा ४ अनुसारको नियमनकारी निकाय स्थापना गर्न सहमतिको लागि अर्थ मन्त्रालयमा पठाईएको ।

२. विकिरण सुरक्षा सम्बन्धी सचेतना कार्यक्रम तथा मानवहितको लागि प्रयोग भइरहेका विभिन्न पारमाणविक प्रविधिको प्रबर्धनका लागि सचेतना तथा अन्तरक्रिया कार्यक्रम संचालन ।

विकिरण सुरक्षा सम्बन्धी देशका विभिन्न स्थानमा स्वास्थ्यकर्मी र जनसमुदायमा जनचेतनाका कार्यक्रम संचालन गर्ने गरी तयारी गरिएको ।

३. रेडियोधर्मी स्रोतसंग सम्बन्धित अभ्यास, क्रियाकलाप वा संयन्त्र सञ्चालन गर्न ईजाजतपत्र प्रदान -१५ वटा र ईजाजतपत्र नविकरण-२ वटा ।

४. ईजाजतपत्र प्रदान गर्ने प्रयोजनार्थ र प्रदान गरेपश्चात विभिन्न १० वटा स्वास्थ्य संस्थाहरूको अनुगमन गरीएको ।

रासायनिक पदार्थ तथा प्रयोगशाला व्यवस्थापन

1. प्रयोगशालाहरूको Inventory तयार गर्ने कार्यक्रम अन्तर्गत सरकारी निकाय तथा विश्वविद्यालयमा स्थापित १३२ ओटा प्रयोगशालाहरूको संक्षिप्त प्राविधिक विवरण सहित Inventory प्रतिवेदन तयार भएको ।

२. "Chemicals Policy" मस्यौदा तयार तथा स्वीकृती ।

सरोकारवालाहरु समेटी महाशाखा प्रमुखको संयोजकत्वमा समिति गठन गरी नीतिको मस्यौदा कार्य अघि बढेको ।

मन्त्रालयले प्रथम पटक प्रयोगमा नरहेको रेडियोधर्मी स्रोत Co-60 लाई विदेश पठाउने प्राप्त निवेदन उपर अध्ययन तथा अनुगमन/निरीक्षण गरी विदेश पठाउन अनुमति प्रदान गरेको । साथै गन्तव्य देशको सम्बन्धित संस्थामा पुगेको जानकारी समेत मन्त्रालयलाई प्राप्त भएको । विदेश पठाउन पूर्व तयार गर्नुपर्ने प्याकेजिङको सम्पूर्ण कार्यको स्थलगत रूपमा निरीक्षण गरी गते Co-60 स्रोत सहितको प्याकेजलाई फोर्कलिफ्टको सहायताबाट ट्रकमा राखी भक्तपुर क्यान्सर अस्पतालका प्रतिनिधि, निकासी अनुमति प्राप्त गरेको संस्थाको प्रतिनिधि, सोर्स पुग्ने गन्तव्य मुलुक हंगेरीको सोर्स प्राप्त गर्ने संस्थाबाट पठाएका सोर्स प्याकेजिङ् गर्ने विदेशी प्रतिनिधि तथा मन्त्रालयका प्रतिनिधि सहितको रोहबरमा भक्तपुर क्यान्सर अस्पतालबाट त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको निर्यात कार्गो सम्म पुर्याइएको । गन्तव्य देश हंगेरीको सम्बन्धित संस्थामा पुगेको जानकारी समेत निकासी अनुमति प्राप्त गरेको संस्था मार्फत मन्त्रालयलाई प्राप्त भएको ।

Disused shielded Co-60 source; Lead plate at upper part and ready for packaging ready for packaging



opening the cover of the container to put the source

Package with disused Co-60 source reached at export cargo premises of Tribhuvan International Airport to transport to Hungery

अन्य कार्यहरु

विज्ञान प्रविधि तथा नवप्रर्तन विधेयक, नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान ऐन, २०४८ को संसोधन, रासायनिक पदार्थ व्यवस्थापन गर्न बनेको विधेयक तथा प्यानेटेरियम, वेधशाला र विज्ञान संग्रहालय सम्बन्धी विधेयक तयारीका लागि कानून मन्त्रालयमा प्राथमिकताक्रम सहित वार्षिक तालिका पेश भएको, राष्ट्रिय विधि विज्ञान प्रयोगशाला (स्थापना तथा संचालन) विधेयक प्रतिनिधि सभामा दफावार छलफलमा रहेको।

सूचना अधिकारीको विवरण

यस मन्त्रालयसँग सम्बन्धित सूचना तथा निर्णयहरूको प्रभावकारी सञ्चारका लागि सूचना अधिकारीको व्यवस्था गरिएको छ। सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम कुनै पनि नेपाली नागरिकले कानुनले तोकेको ढाँचामा यस मन्त्रालयमा विधिवत् निवेदन पेश गरी आफूलाई आवश्यक सूचना कानुनबमोजिम सहज रूपमा प्राप्त गर्न सक्ने व्यवस्था गरिएको छ।

अमित आचार्य
सि.डि.ई./सूचना अधिकारी